# हानिकारक परम्परागत अभ्यासहरू (बालविवाह, छाउपडी, तिलक, दाइजो, लिङ्ग पहिचान गरी गरिने गर्भपतन आदि)

# विरुद्धको सचेतनामूलक सामग्री

राष्ट्रिय महिला आयोग

# राष्ट्रिय महिला आयोग

## हानिकारक परम्परागत अभ्यासहरु (बालविवाह, छाउपडी, तिलक, दाइजो, लिङ्ग पहिचान गरी गरिने गर्भपतन आदि) विरुद्धको सचेतनामूलक सामग्री

प्रकाशक:
राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं

सर्वाधिकार:
राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं

# हानिकारक परम्परागत अभ्यास
## (Harmful Traditional Practices)

हानिकारक परम्परागत अभ्यासहरू भनेको हिंसाको एउटा स्वरूप हो जुन मुख्यतया धर्म, संस्कृतिको आडमा महिला र बालिकाहरूमाथि परापूर्वक कालदेखि हुँदै आएको छ । सबै परम्परागत अभ्यासहरू महिलामाथि हुने हिंसा हैनन् तर कतिपय अवस्थामा त्यस्ता अभ्यासहरूलाई सांस्कृतिक अभ्यासको रूपमा स्वीकार गर्न योग्य पनि ठानिएका छन् । महिला र बालिकाको जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा असर पार्ने हानिकारक परम्परागत अभ्यासहरू महिलामाथि हुने हिंसाका स्वरूप हुन् ।

सामाजिक/सांस्कृतिक मान्यताहरूबाट निर्देशित हुँदै कुनै पनि व्यक्ति वा समाजद्वारा जानी जानिकन, अर्को व्यक्तिको शरीर र मनोविज्ञानमाथि नियन्त्रण गरी वा प्रभाव पारी गरिने त्यस्ता सम्पूर्ण कार्यहरू जसले व्यक्तिहरूको शरीर, मनोविज्ञान र मानव अधिकारमा गम्भीर असर पार्दछ भने त्यस्ता कार्यहरूलाई हानिकारक परम्परामा आधारित कार्यहरू भनिन्छ ।

सारांशमा सामाजिक सांस्कृतिक विभेदमा आधारित भई गरिने हरेक कार्यहरू जसले हाम्रो समाजमा महिला तथा बालिकाको प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउँछ, कमजोर देखाउँछ, उनीहरूलाई शारीरिक, मानसिक रूपले पीडा दिन्छ भने तिनलाई हानिकारक परम्परामा आधारित हिंसा भन्ने बुझिन्छ ।

# सामाजिक कुरीति र महिला हिंसाबीचको सम्बन्ध

नेपाली समाजमा अहिले पनि केही यस्ता सामाजिक अभ्यास, परम्परा, रूढिवादी मान्यताहरू विद्यमान छन् जसले सामाजिक मूल्य या समाजलाई नियन्त्रण वा निर्देशित गर्ने, व्यक्तिको आचरण, व्यवहार र परिवारका सदस्यहरूबीचको सम्बन्धलाई निर्क्यौल गर्नेजस्तो जस्ता कुराहरूमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । यस्तो मूल्य प्रणालीहरू एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण र पुनरुत्पादन पनि भइरहेको हुन्छ । यसले समाजमा कुरीति र अन्धविश्वासजन्य विषय पनि पुनरुत्पादन गरिरहन्छ। अन्धविश्वास सामाजिक विकृति पनि हो। मानिसहरूले धर्म, संस्कृति र परम्पराका नाममा विभिन्न राम्रा नराम्रा पक्षहरूमा विश्वास राख्दछन्। यस्ता सामाजिक विकृतिका पछाडि कुनै न कुनै रूपमा अशिक्षा र अन्धविश्वासले काम गरिरहेको हुन्छ।

नेपाली समाजमा रहेको बोक्सीको आरोपसम्बन्धी हिंसा, बालविवाह, छाउपडी, तिलक, दाइजो, बालिका भ्रूण पहिचान गरी गरिने गर्भपतन, जातपातको आधारमा गरिने छुवाछुत, महिला र पुरूषबीचको असमान सम्बन्ध यस्तै मूल्य प्रणालीका उपजहरू हुन्। समाजमा रहेका यस्ता अवाञ्छित र अमानवीय हानिकारक सामाजिक अभ्यास, विभेद र असमानताहरूलाई राज्य र समाजको निरन्तर प्रयासले मात्र हटाउन, भत्काउन सकिन्छ। यस्ता कार्यहरूले कतिपय अवस्थामा राज्यले कानून बनाई प्रदान गरेका मानव अधिकारसम्बन्धी हक अधिकार उपभोग गर्नबाट कमजोर वर्गलाई रोकिरहेको र कतिपय अवस्थामा स्थानीय राजनीतिक नेतृत्वको आड र स्थानीय प्रशासनको पहुँच प्रयोग गरेर यस्तो हानिकारक प्रथा र संरचनालाई कानूनभन्दा माथि राख्न सक्रिय भूमिका खेलिरहेको समेत पाइन्छ । नेपाली समाजको स्वस्थ विकास तथा महिला र पुरूषबीचको समानतामा आधारित सम्बन्ध विकासको

[१] महिलामाथि गरिने सबै प्रकारका हिंसा उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धि समितिको नवौं सत्रद्वारा पारित साधारण प्रस्ताव नं. १९

लागि कुरीति वा अन्धविश्वास जोगाइराख्ने यस्ता स्थानीय परम्परा त्यसको पुस्तान्तरण र पुनरुत्पादन प्रक्रियामाथि तत्काल हस्तक्षेप जरूरी देखिन्छ। यसका लागि तीनवटै तहका सरकारी निकाय, सम्पूर्ण नागरिक समाज, सामाजिक संघसंस्थाहरू र सामाजिक अभियन्ता आ-आफ्नो स्थानबाट ठोस प्रयास गर्न जरूरी छ।

## नेपालमा लैङ्गिक हिंसाको अवस्था

नेपालमा लैङ्गिक हिंसाको अवस्था अहिले पनि विकराल नै छ। हिंसा भन्नाले कसैको सार्वजनिक वा निजी जीवनमा लैङ्गिकताको आधारमा शारीरिक, मानसिक, आर्थिक, यौनजन्य, सामाजिक, घरेलु हिंसा लगायतको कार्यद्वारा कुनै व्यक्तिलाई क्षति वा पीडा हुने कार्य विभेदजन्य कार्य भन्ने बुझिन्छ। विशेषगरी महिला, बालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू विरुद्ध हुने हिंसाहरू लैङ्गिक हिंसा हुन्। लैङ्गिक हिंसा सामाजिक अपराध हो। लैङ्गिक हिंसा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै चुनौतीको विषय बनेको छ। लैङ्गिक हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय स्तरमा विभिन्न कानून तथा नीतिहरू तय भएका छन् जसमा नेपालले पनि आफ्नो प्रतिबद्धता जाहेर गरिसकेको छ। तसर्थ लैङ्गिक हिंसा अन्त्य गर्नु हामी सबैको कर्तव्य हो।

समाजमा महिला माथिको हिंसालाई मानव अधिकार हननको मुद्दाको रूपमा सम्बोधन गर्न नसकिएका कारण नै हिंसा, बलात्कारका घटना वृद्धि हुँदै गएका छन्। नेपाल प्रहरीको प्रतिवेदनअनुसार ८ वर्षे बालकदेखि ७६ वर्षे वृद्धसम्म बलात्कारमा संलग्न भएका र बलात्कारका आरोपीमा अधिकांशतः १९ देखि ३५ वर्ष उमेर समूहका पुरूष रहेको देखिन्छ। दर्ता भएका घटनाको विवरणअनुसार १६ महिनाकी बालिकादेखि ७६ वर्षीय वृद्धासमेत बलात्कारको जघन्य अपराधबाट पीडित हुने गरेका देखिन्छन्।

# हानिकारक परम्परागत अभ्यासहरूको असर

समाजमा विद्यमान महिलामाथि हुने हिंसा तथा विभिन्न प्रकारका हानिकारक अभ्यासहरू कायम रहेसम्म समग्र महिला तथा बालिकाको आर्थिक तथा सामाजिक विकास हुन सक्दैन । हानिकारक परम्परागत अभ्यासका कारण महिला तथा बालिकाहरूमा शारीरिक तथा मानसिक प्रभावहरू पर्नुका साथै कतिपय अवस्थामा बालिका तथा महिलाहरूले ज्यानै गुमाउनु परेको अवस्था समेत रहेको छ ।

हानिकारक परम्परागत अभ्यासहरूका कारण महिला तथा बालबालिकाहरूको शारीरिक तथा बौद्धिक विकास अवरोध हुने गरेको छ । उदाहरणको रूपमा भन्नुपर्दा दाइजोका कारण विवाहिता महिलाहरूले मानसिक यातना, कुटपिट सहनुपर्ने र अन्ततः आत्महत्या गर्न बाध्य हुने, बालविवाहले गर्दा सानै उमेरमा प्रजनन स्वास्थ्यबारे ज्ञान नहुने साथै प्रजनन् अङ्ग परिपक्व नहुँदै धेरै बच्चा जन्माउन, हुर्काउन बाध्य भई उमेर घर्कंदै जाँदा पाठेघर खस्ने तथा अन्य स्वास्थ्य बिग्रने समस्या आउने, महिनावारी हुँदा घरबाहिर छाउगोठ लगायतका असुरक्षित स्थानमा बस्नुपर्ने बाध्यताहरूले थप जोखिम निम्त्याउनुका साथै किशोरीहरूको पढाइमा समेत बाधा पुग्ने, व्यक्तिगत विकासमा अवरोध समेत सिर्जना हुने गरेको छ । यस्ता हिंसाहरूले बालिका, किशोरी, महिलालाई व्यक्तिगत रूपमा मात्र नभएर समाज र यसले राष्ट्रिय स्तरमा समेत नकारात्मक प्रभाव पारेको छ ।

# हानिकारक परम्परागत अभ्यासविरुद्धको साझा अभियान

राष्ट्रिय महिला आयोगले प्रदेश, स्थानीय तह र अन्य सरोकारवाला निकायबीच आवश्यक समन्वय, सहकार्य र महिला हक अधिकारका क्षेत्रमा क्रियाशील सम्बद्ध संघसंस्थाहरूको साझेदारीमा सामाजिक तथा राष्ट्रिय मुद्दा/सवालमा ऐक्यबद्धता जनाउन अभियान सञ्चालनमा गर्नुपर्ने कुरामा निरन्तर जोड दिदैं आएको छ । यसै सन्दर्भमा राष्ट्रिय महिला आयोग सामाजिक कुरीति, अन्धविश्वास र हानिकारक अभ्यासहरूको विरूद्धमा सचेतना अभिवृद्धि गर्ने साझा अभियानमा सबैलाई हातेमालो गर्न आह्वान गर्दछ ।

समाजमा विद्यमान हानिकारक सामाजिक प्रथा र परम्परा अन्त्य गर्न तीन तहका सरकारको समन्वय र साझेदारीमा सचेतनामूलक मनोसामाजिक परामर्शका साझा अभियान सञ्चालन गर्दै धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि किसिमबाट महिलालाई गरिने भेदभाव, विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र सुसंस्कृत समाज निर्माणको लागि ठोस पहल गर्नुपर्ने देखिन्छ ।

**नेपालको संविधान**

स्वतन्त्रताको हक (धारा १७) को उल्लंघन
बालविवाह/जबरजस्ती हुने विवाह ।

समानताको हक (धार १८) को उल्लंघन
लैङ्गिकतामा आधारित हिंसा ।

शिक्षा सम्बन्धी हक (धारा ३१) र बालबालिकाको हक (धारा ३९) को उल्लंघन बालविवाह तथा लैगिंकतामा आधारित हिंसाका कारण बालिकाहरू विद्यालय छोड्न बाध्य हुनु बालविवाहका कारण व्यक्तिगत तथा नेतृत्व विकासमा कमी हुनु ।

महिलाको हक (धारा ३८) र स्वास्थ्य सम्बन्धी हक (धारा ३५) को उल्लघंन
किशोरीहरू कम उमेरमा र इच्छा विपरीत गर्भधारणा गर्न बाध्य हुनु ।
२० वर्षभन्दा कम उमेरका किशोरीहरूमा मातृमृत्युदरको जोखिम बढी हुनु ।

शोषण विरूद्धको हक (धारा २९) र महिलाको हक (धारा ३८(३) को उल्लघंन
धर्म, संस्कृति तथा परम्पराको नाममा हुँदै आएको हिंसा । महिला तथा बालिकाहरू बढी प्रभावित हुनु

# हानिकारक परम्परागत अभ्यासहरूको अन्त्यका लागि राष्ट्रिय कानूनी व्यवस्था, नीति तथा कार्ययोजना

नेपालको संविधान

नेपालको संविधानको भाग ३ : मौलिक हक र कर्तव्य अन्तर्गत शोषण विरूद्धको हक (धारा २९) को उपधारा (१) ले प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक प्रदान गरेको छ। यसैगरी सोही धाराको उपधारा (२) ले धर्म, प्रथा, परम्परा, संस्कार र प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन भनी स्पष्ट रूपमा व्याख्या गरी हरेक व्यक्तिको हिंसा मुक्त जीवनयापन गर्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ।

बालबालिकाको हकसम्बन्धी धारा ३९ को उपधारा (५) ले कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने गरी बालबालिकाको मौलिक हकको रूपमा स्थापित गरेको छ। यी कार्यहरूलाई संघीय कानून बमोजिम दण्डनीय हुने गरी प्रतिबन्ध लगाएको छ र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरिएको छ।

यस्तैगरी महिलाको हकसम्बन्धी धारा ३८ को उपधारा (३) ले महिलाविरूद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख गरी त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको समेत संवैधानिक व्यवस्था गरेको छ।

[२] ओरेक नेपाल तथा महिला, कानून र विकास मञ्चबाट प्रकाशित सूचना सामग्री

# विद्यमान हानिकारक परम्परागत अभ्यासहरु

## छाउपडी प्रथा:

नेपालका कतिपय स्थानहरूमा महिलाहरूले महिनावारी (रजस्वला हुँदा वा सुत्केरी हुँदाको समयमा छाउगोठमा, साँघुरो, अस्वस्थकर असुरक्षित स्थानमा बस्नुपर्ने हानिकारक सामाजिक प्रथालाई "छाउपडी" प्रथा भनिन्छ ।

रजस्वला भएको बेलामा महिलाहरूलाई सार्वजनिक स्थान पानीको धारो, बाटो, विद्यालय आदि) प्रयोग र प्रवेशमा बन्देज लगाउ तथा पोषणयुक्त खाने कुरा (दूध, दही, घ्यू, आदि) खान नदिने मान्यता समेतका कारण महिला, किशोरी तथा बालिकाको शारीरिक र मानसिक स्वास्थ्यमा समेत गम्भीर नकारात्मक असर पर्छ । साथै, रजोवस्थामा उनीहरूको स्वास्थ्यमाथि समेत गम्भीर खतरा उत्पन्न हुने हुन्छ । कतिपय अवस्थामा असुरक्षित छाउगोठका कारण सर्प तथा विषालु कीराहरूको टोकाइबाट रजोवती महिला तथा किशोरीको अकालमै मृत्यु हुने, परिवारसँग छुट्टिएर एक्लै छाउगोठमा बस्दा बलात्कार जस्ता जघन्य हिंसामा पर्नसक्ने तथा सामाजिक भेदभावपूर्ण व्यवहार सहनुपर्ने हुन जान्छ ।



## छाउपडीको प्रथा विरुद्धको कानूनी व्यवस्था

- घटना घटेको जहिलेसुकै पनि उजुरी गर्न सकिन्छ ।
- छाउपडी बस्न बाध्य बनाउनेहरूलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ ।
- साधारण व्यक्ति बाहेक राष्ट्रसेवकले यस प्रकारको कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुन्छ ।
- कसूर गर्ने व्यक्ति वा क्षति पुऱ्याउने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेको क्षति वा पीडा बापत मनासिब क्षतिपूर्ति भराउने व्यवस्था छ ।

## छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४

- सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका कतिपय जिल्लाहरूमा किशोरी पहिलो मासिकधर्म (रजस्वला) हुँदा ११ देखि १५ दिनसम्म, त्यसपछिका मासिकधर्मका बेला अरु किशोरीहरूले ५ दिनसम्म र विवाहिता महिलाले ४ दिनसम्म छाउपडीमा बस्नुपर्ने, उनीहरूलाई सार्वजनिक स्थान (धारो-पँधेरो, बाटो, विद्यालय आदि) प्रयोग र प्रवेशमा बन्देज लगाउने तथा पोषणयुक्त खाने कुरा (जस्तै- दूध, दही, घ्यू, आदि) खान नदिने मान्यताका कारण महिला तथा बालिका विरूद्ध भेदभावपूर्ण व्यवहार तथा हिंसा हुने र निजहरूको स्वास्थ्यमा समेत गम्भीर असर पर्ने भएकोले यस्तो कुप्रथाको उन्मूलन गरी स्वस्थ र समतामूलक समाजको स्थापना गर्ने उद्देश्य यो निर्देशिकाको रहेको छ ।

# प्रवाह गर्नुपर्ने सन्देश

- महिनावारी कुनै अपवित्र कुरा नभई सबै वयस्क महिलामा हुने नियमित र प्राकृतिक प्रक्रिया हो ।
- महिनावारी वा सुत्केरी अवस्थामा महिलामाथि गरिने छुवाछुत, हिंसा, विभेद, शोषणको साथै सांस्कृतिक र सामाजिक पर्व उत्सवमा गरिने भेदभाव अन्त्य गर्नु ।
- महिनावारीका सम्बन्धमा विद्यमान हानिकारक सामाजिक प्रचलनलाई पूर्णतः निषेध/निरूत्साहित गर्दै महिनावारीलाई मर्यादित बनाउनु ।
- महिलामा हुने हर्मोनको उतारचढावले पाठेघर, डिम्बाशयमा हुने परिर्वतनमध्ये महिनावारी एउटा मात्र बाहिर देख्न सकिने प्रक्रिया भएकोले यो एउटा स्वाभाविक शारीरिक प्रक्रिया हो भन्ने बुझाइ विकास गर्ने ।
- महिनावारीको समयमा महिला तथा किशोरीहरूको शरीर अरु अवस्थाको तुलनामा केही कमजोर हुने भएकोले यस्तो अवस्थामा महिलालाई पर्याप्त पोषणयुक्त खाना, आराम, शारीरिक सरसफाइका सामानहरू (नुहाउने साबुन, पानी आदि) उपलब्ध गराउनु पर्दछ ।

## बालविवाह

'बालविवाह' भन्नाले कानूनले तोकेको उमेर नपुगी वा बाल्य अवस्थामा गरिने विवाह हो । नेपालको प्रचलित कानूनअनुसार दुलहा वा दुलही वा दुवैजनाको उमेर २० वर्षभन्दा मुनि भएको अवस्थाको विवाह बालविवाह हुन्छ ।

नेपालमा बालविवाह एक बहुआयामिक र जटिल समस्याको रूपमा रहेको छ । मानव अधिकारको गम्भीर उल्लङ्घन र लैङ्गिक विभेदको रूपमा बालविवाह रहेको छ ।

## बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्यका साथ नेपाल सरकारले बालविवाहविरूद्ध छुट्टै रणनीतिक योजनाको आवश्यकता महसुस गरी "बालविवाह विरूद्धको रणनीति, २०७२" लागू गरेको छ । राष्ट्रिय रणनीति समानताको अधिकार, बालबालिकाको सर्वोत्तम हित, बाल बचाउ र विकास, संरक्षण, अर्थपूर्ण सहभागिता र राज्यको दायित्व गरी जम्मा ६ वटा सैद्धान्तिक मान्यतामा आधारित छ ।

## बालविवाहको असर

- ☞ बालविवाहले बालक र बालिका दुवैलाई नकारात्मक असर पार्ने भए तापनि बालिका तथा किशोरीहरू यसबाट बढी मात्रामा पीडित हुने गर्दछन् ।
- ☞ वैवाहिक सम्बन्धभित्र हुने यौन तथा शारीरिक शोषण एवं हिंसा र विशेषगरी महिलाको प्रजननसम्बन्धी भूमिकाको कारण, बालविवाह गर्ने किशोरी तथा बालिका बाल्यकालमै आमा बन्नु पर्ने बाध्यताले गर्दा तिनीहरू स्वास्थ्य, शिक्षा, रोजगारी लगायत मर्यादित जीवनका लागि अपरिहार्य अन्य कैयौं मानव अधिकारको उपभोग गर्नबाट वञ्चित हुन्छन् ।

- घरमा विभेद र घरेलु हिंसा सहन बाध्य हुने,
- समय नपुग्दै घरको बोझिलो कामकाज सम्हाल्नुपर्ने । बालविवाह विरूद्धको कानूनी व्यवस्था

## उजुरी

बाल-विवाहविरूद्धको उजुरी नजिकैको प्रहरी कार्यालयमा दिनुपर्दछ ।

## हदम्याद

थाहा पाएको मितिले ३ महिनाभित्र उजुरी गर्नुपर्छ ।



## सजाय

- ☞ बालविवाहको कसुर गर्ने वा गराउने व्यक्तिलाई ३ वर्षसम्म कैद
- ☞ ३० हजार रूपैयाँसम्म जरिवाना हुन्छ।
- ☞ मञ्जुरी बिना कसैले कसैलाई विवाह गर्न वा गराउनु हुँदैन।
- ☞ मञ्जुरी बिना भएको विवाह गराउनेलाई २ वर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुन्छ।

## प्रवाह गर्नुपर्ने सन्देश

- ☞ शारीरिक र मानसिक रूपमा परिपक्व नभई विवाह नगरौं,
- ☞ बाल विवाह पुराना परम्परागत संस्कृति र जातीय व्यवस्थासँग जोडिएको विषय हो, सर्वप्रथम त्यस्ता कुसंस्कार र जातीय व्यवस्थालाई बदलौं,
- ☞ बाल विवाहको उन्मूलन गर्न विशेष गरी छोरीहरूको सशक्तीकरण गरौं,
- ☞ कानूनमा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरौं,
- ☞ कम उमेरमा विवाह गर्दा पुण्य प्राप्ति हुन्छ भन्ने परम्परागत विश्वासलाई तोडौं,
- ☞ सानै उमेरमा विवाह गर्दा छोरी नानीहरूको पढाइ बिग्रिई तथा उनीहरूले जीविकोपार्जन गर्न आवश्यक सीप, इलम केही सिक्न नपाई जीवनभर अर्काको सहारामा जीवन गुजार्न बाध्य हुने।

## दाइजो / तिलक प्रथा:

छोरीबेटीलाई विवाहको अवसरमा कुनै करकापमा नपरी माइती पक्षका आमाबुबा तथा आफन्तले छोरीलाई राजीखुशीसाथ यथाशक्ति दिने धन-सम्पत्ति वा सामानलाई दाइजो भनिन्छ । दाइजो दिने/लिने प्रचलन दाइजो प्रथा हो । यसैगरी बेहुला पक्षले विवाह स्वीकार गरेको कारण बेहुली पक्षबाट बेहुलालाई दिने सम्पत्ति नै तिलक हो । मूलतः यो प्रचलन तराई समुदायमा रहेको छ ।

नेपाली समाजमा दाइजो तथा तिलक लिने/दिने प्रचलन परम्परादेखि नै रहे तापनि पछिल्लो समयमा यसले समाजमा खासगरी विपन्न र कमजोर आर्थिक अवस्था भएका समुदायमा नकारात्मक प्रभाव पारिरहेको छ । यसले गरिब र विपन्न समुदायका छोरी चेलीहरूको वैवाहिक सम्बन्धलाई कष्टकर बनाउँदै लगेको छ ।

प्रचलित कानूनअनुसार परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाहमा दुलाहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल दाइजो, तिलक वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन ।

## दाइजो / तिलक प्रथाको नकारात्मक असर

☞ दाइजोको प्रलोभनमा परी कतिपय पुरूषहरूले दोस्रो, तेस्रो विवाह गर्ने गरेको पाइन्छ ।

☞ दाइजो नल्याएको, कम तिलक दिएको निहुँमा कतिपय श्रीमान् तथा परिवारका सदस्यहरूले विवाहिता महिलालाई अपशब्द प्रयोग गर्ने, गाली गलौज गर्ने, दुर्व्यवहार गर्ने, कुटपिट गर्ने, शारीरिक-मानसिक यातना दिने तथा कतिपय अवस्थामा घरबाट निकाल्ने समेत गरेको पाइन्छ ।

- ☞ दाइजोकै निहुँमा विवाहिता नारीलाई आत्महत्या गर्न बाध्य पारिनुका साथै कतिपय अवस्थामा दुलहा पक्षका परिवारले निर्मम हत्या समेत गर्ने गरेको पाइन्छ ।

## दाइजो/तिलक विरुद्धको कानूनी व्यवस्था

परम्परादेखि चलिआएको समान्य उपहार भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक दुलहा वा दुलहीका पक्षबाट कुनै लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन ।

## सजाय

यस्तो कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ३० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ

## हदम्याद

थाहा पाएको मितिले ३ महिनाभित्र उजुरी गर्नुपर्छ

## प्रवाह गर्नुपर्ने सन्देश

- ☞ दाइजो दिनु र लिनु अपराध हो,
- ☞ छोरीलाई दाइजो होइन आत्मनिर्भर बन्न सक्ने सीप र शिक्षा दिऔं,
- ☞ दाइजो प्रथा अन्त्य गर्नका लागि आजैदेखि उठौं र आफ्नो विचार, सोच र व्यवहारमा परिवर्तन गरौं ।



## बोक्सी प्रथा:

कसैले कुनै व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई सामाजिक रूपमा कलंकित गर्ने, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै किसिमले शारीरिक मानसिक यातना दिने जस्तो अमानवीय कार्यलाई बोक्सीको आरोप भनिन्छ।

कसैलाई बोक्सा/बोक्सीको आरोप लगाउने, आरोपितलाई सामाजिक बहिष्कार गर्ने, घर टोलबाट निकाला गर्ने, कुटपिट गर्ने वा अन्य कुनै किसिमले यातना दिने, मलमूत्र खुवाउने वा कुनै किसिमले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, बोक्सीको आरोपमा अङ्गभङ्ग गर्ने, बोक्सीको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानि नोक्सानी गर्ने तथा यस्तो कुनै कार्य गर्न उद्योग गर्ने, कसैलाई उक्साउने, मद्दत गर्ने जस्ता कार्य गरेमा कानून बमोजिम दण्डनीय हुन्छ। देहायको कार्य गरेमा बोक्सीको आरोप सम्बन्धी कसूर गरेको मानिन्छ :-

- ☞ कुनै व्यक्तिलाई धामी, झाँक्री, टुनामुना, तन्त्रमन्त्र, झारफुक वा कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाएमा,
- ☞ बोक्सीको आरोपमा गाली बेइज्जती गरेमा, सामाजिक बहिष्कार गरेमा, बसोबास गरेको ठाउँबाट निकाला गरेमा, कुटपिट गरी अङ्गभङ्ग गरेमा, कुनै किसिमले यातना दिएमा, मलमूत्र खुवाएमा, चारपाटा मुड्ने, नग्न पारी वा नपारी सार्वजनिक स्थानमा घुमाउने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गरेमा, कसैको सम्पत्ति तोडफोड हिनामिना वा हानि नोक्सानी गरेमा,
- ☞ बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गरेमा,
- ☞ बोक्सीको आरोप लगाउन उद्योग गर्ने, त्यस्तो कार्य गर्न दुरूत्साहन दिने वा सो कार्य गर्न मद्दत गर्ने,
- ☞ बोक्सीको आरोप लगाउने कार्यलाई मद्दत पुग्ने उद्देश्यले कुनै भेला गरे वा गराएमा।

# बोक्सीको आरोप विरुद्धको कानूनी व्यवस्था

नेपाल सरकारले कुनै पनि व्यक्तिलाई बोक्सा वा बोक्सीको आरोप लगाउने, आरोपित व्यक्तिलाई क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने वा कुनै पनि किसिमले यातना दिने जस्ता अमानवीय कार्यलाई दण्डनीय बनाई सामाजिक कुरीति तथा अन्धविश्वासको रूपमा रहेको त्यस्तो कार्य निवारण गर्न बोक्सीको आरोप (कसुर तथा सजाय) ऐन, २०७२ कार्यान्वयनमा ल्याएको छ ।



## उजुरी:

बोक्सीको आरोपसम्बन्धी कसुर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा लिखित निवेदन वा मौखिक सूचना दिनु पर्छ।

## हदम्याद:

घटना भए गरेको मितिले ९० दिनभित्र उजुरी गर्नुपर्छ।

सजाय :

☞ बोक्सीको आरोप लागाउने व्यक्तिलाई ६ महिनादेखि २ वर्ष कैद र ५००० ⁄- देखि रू २०००० ⁄- रूपैयाँ सम्म जरिवाना हुन्छ।

☞ बोक्सीको आरोपमा गाली बेइज्जती र उसको परिवारलाई अपमानजनक व्यवहार गर्नेलाई १ वर्ष देखि ३ वर्ष कैद र १०,००० ⁄- देखि ३०००० ⁄- रूपैयाँसम्म जरिवाना हुन्छ।

☞ बोक्सीको आरोप लगाई अपमानजनक व्यवहार गर्ने सामाजिक बहिष्कार गर्ने र बसोबास गरेको ठाउँबाट निकाला गर्नेलाई २ वर्ष देखि ५ वर्षसम्म कैद र रू.५०,००० ⁄- देखि रू.१,००,००० ⁄- सम्म जरिवाना हुन्छ।

☞ बोक्सीको आरोप लगाई मलमूत्र खुवाउने, नग्न पारी घुमाउने र कुटपिट आदि गर्नेलाई ५ वर्षदेखि ८ वर्ष कैद र रू. ५०,००० ⁄- देखि १,००,००० ⁄- सम्म जरिवाना हुन्छ।

## प्रवाह गर्नुपर्ने सन्देश

☞ संसारमा बोक्सा, बोक्सी भन्ने हुँदैनन्, यो असत्य र अप्रमाणित विषय हो,

☞ कमजोर, असहाय व्यक्तिमाथि विभिन्न निहुँमा थोपरिने यस्ता अन्धविश्वास र कुरीतिको सख्त विरोध गरौं।

## लिङ्ग पहिचान गरी गर्भपतन:

“गर्भपतन” भन्नाले गर्भमा रहेको भ्रुण स्वाभाविक रूपमा जन्मन सक्ने अवस्थाभन्दा अगावै गर्भाशयबाट जबर्जस्ती बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ। छोराको लालसामा गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गराएर बीचमै भ्रुण हत्या गर्नु अथवा गर्भपतन गराउनु अपराध हो। लिङ्ग पहिचान गरी गर्भपतन गर्न गराउन हुँदैन। यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुन्छ।

## गर्भपतन तथा भ्रुणहत्या विरुद्धको कानूनी व्यवस्था

लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने कुरा कानूनमा नै यस प्रकार सुनिश्चित गरिएको छ :

- ☞ कसैले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै कार्य गर्न वा गराउन हुँदैन।
- ☞ गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दबाब दिन वा बाध्य पार्न हुँदैन।

## सजाय

गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान मात्र गराउनेलाई ३ देखि ६ महिना कैद र पहिचान गरी गर्भपतन गराउनेलाई ६ महिनादेखि २ वर्षसम्म कैदको व्यवस्था रहेको छ।

## प्रवाह गर्नुपर्ने मुख्य सन्देश

- छोरा र छोरी समान हुन् र परिवार तथा समाजमा दुवैको महत्व बराबर छ ।
- लिङ्गका आधारमा भेदभाव गरिनु हुँदैन । यस्तो कार्य अमानवीय हुनुका साथै कानून बमोजिम दण्डनीय पनि छ ।
- गर्भपतनलाई परिवार नियोजनको रूपमा प्रयोग नगरौं ।

सामाजिक रूपान्तरणका साथै राजनीतिक प्रतिबद्धता, सुझबुझपूर्ण राजनीतिक नेतृत्व र सही सोचबाट सञ्चालित रूपान्तरणमुखी साझा अभियानका माध्यमबाट मात्र यस्ता हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य सम्भव छ। तसर्थ, राष्ट्रिय महिला आयोग यस साझा अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरी सफल पार्न सम्बन्धित सबैमा हार्दिक आह्वान गर्दछ।

## नोट

खबर गरौं

# ११४५

लैङ्गिक हिंसा बिरुद्ध हामी

# राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

फोन नं.: ९७७-१-४२५६७०१, फ्याक्स नं.: ९७७-१-४२५९४११

इमेल: info@nwc.gov.np

वेबसाइट: www.nwc.gov.np